# गण्डकी प्रदेश सभा

## आठौं अधिवेशन

### बैठक संख्या -९

### सूचनापत्र - २

### (बैठकको कारवाहीको संक्षिप्त विवरण)

<u>मिति २०८२ साल जेठ २५ गते, आइतवार</u>

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा विहान **११:३०** बजे प्रारम्भ भयो।

तत्पश्चात **गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथिको बाँकी छलफल** प्रारम्भ भयो। उक्त छलफलमा **माननीय हरि बहादुर चुमान, माननीय नन्द प्रसाद न्यौपाने, माननीय गोबिन्द बहादुर नेपाली, माननीय पञ्चराम गुरुङ, माननीय दिलमाया पौ.बि. माननीय भक्त बहादुर कुँवर, माननीय कुसुम बुढा पुन, माननीय दोर्ण कुमार कुँवर, माननीय गणेशमान गुरुङ, माननीय दमयन्ती रुचाल, माननीय भोजराज अर्याल, माननीय नन्दकला दमै नेपाली, माननीय दिपेन्द्र बहादुर थापा, माननीय भीम बहादुर कार्की, माननीय जित बहादुर शेरचन र माननीय प्रकाश बरालले** भाग लिनुभयो ।

तत्पश्चात **माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले** माननीय प्रदेश प्रमुखले गर्नुभएको सम्बोधनमा उल्लिखित **गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथिको** छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात माननीय **मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम** पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव **बहुमतले** पारित भयो ।

तत्पश्चात गण्डकी प्रदेश सभा, **सार्वजनिक लेखा समितिका माननीय सभापति सुधिर कुमार पौडेलले सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०८२** सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले **आगामि बैठक २०८२ साल असार १ गते दिनको ४ बजे बस्नेगरी ३:१७** बजे स्थगित गर्नुभयो।

.....................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव